निर्णयहरूः-

क. मकवानपुर जिल्लाभित्र कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि यस जिल्लामा मिति २०७८-०५-२० गते आइतबार राती १२:०० बजेसम्म निषेधाज्ञा कायम गरिएकोमा जिल्लाभित्र संक्रमणको अवस्थालाई मध्यनजर गर्दै संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम निषेधाज्ञालाई निरन्तरता दिई **मिति २०७८ साल भाद्र १९ गते शनिबार राती १२:०० बजेदेखि मिति २०७८ साल भाद्र ३१ गते बिहीबार राती १२:०० बजेसम्म यस मकवानपुर जिल्लाभर** निम्न बमोजिम हुने गरी परिमार्जन सहित आदेश जारी गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो।

देहायः-

१. अत्यावश्यक काम परी घरबाहिर निस्कनुपर्दा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने ।

२. औषधी पसल, कृषि बीउबीजन तथा मल विक्री वितरण गर्ने पसल र भेटनरी, पेट्रोल पम्प, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल नियमित सञ्चालन गर्नुपर्ने । अन्य खाद्यान्न तथा गैर खाद्यान्न पसलहरू, रेष्टुरेन्ट, मिठाई तथा खाजा पसलहरू विहान ६:०० बजेदेखि साँझ ६:०० बजेसम्म मात्र खोल्न पाइने । तर, स्ट्रिट फुड र फुटपाथमा पसल राख्न नपाउने ।

३. होटल तथा लज सञ्चालन सम्बन्धमा कूल बेड क्षमताको ५० प्रतिशतमा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी, गराई सञ्चालन गर्ने ।

४. सभा, गोष्ठी, तालिम, सेमिनार र विवाह, ब्रतबन्ध जस्ता सामाजिक कार्यहरू भिडभाड नहुने सुनिश्चित गरी बढीमा २५ जनासम्म सहभागी भई जनस्वास्थ्यको मापदण्ड अनिवार्य पालना गरी गर्न सकिने ।

५. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने । चाडपर्वहरू जनस्वास्थ्यको मापदण्ड अनिवार्य पालना गरी न्यूनतम सहभागितामा सांकेतिकरूपमा मात्र मनाउने । धार्मिक प्रतिष्ठानहरूमा धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने ।

६. सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल, पिकनिक स्थल, स्विमिङ पुल, समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति पूर्णरूपमा बन्द रहने ।

७. शैक्षिक संस्थाहरू तथा परीक्षा सञ्चालन गर्ने सन्दर्भमा:

७.१ विद्यालयमा भौतिक उपस्थितिमा पठन पाठन सञ्चालन गर्ने सम्बन्धमा अभिभावकहरूको सहमतिमा विद्यालय व्यवस्थापन समितिको सिफारिस बमोजिम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा उल्लेखित मापदण्ड पूरा गर्ने गरी सम्बन्धित स्थानीय तहले स्वीकृत गरी सञ्चालन गर्ने ।

७.२ ट्युसन तथा कोचिङ सेन्टर, तालिम तथा प्रशिक्षण केन्द्रहरू जनस्वास्थ्यमा मापदण्डहरू पूर्ण पालना गर्ने गरी सम्बन्धित स्थानीय तहको स्वीकृतिमा सञ्चालन गर्ने ।

७.३ विद्यालय, कलेज, संघ तथा प्रदेश लोक सेवा आयोगबाट पूर्व निर्धारित परीक्षाहरू तोकिएका मापदण्डहरू पालना गरी सञ्चालन गर्ने ।

८. सार्वजनिक यातायातहरू सञ्चालन गर्दा सिट क्षमता भन्दा बढी यात्रुहरू नराख्ने, सबै यात्रुहरूलाई मास्क अनिवार्य गर्ने, सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको अनिवार्य व्यवस्था गर्नुपर्ने र सवारी साधनलाई दैनिकरूपमा निसङ्क्रमित गरी सञ्चालन गर्ने ।

९. सरकारी तथा गैरसरकारी, बैंक तथा वित्तिय संस्था र सहकारीहरूले जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने सुनिश्चितता गरी सेवा सञ्चालन गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

१०. पसल तथा व्यवसाय, उद्योग तथा कलकारखाना सञ्चालन गर्दा, विकास निर्माणका कार्य गर्दा अनिवार्य रूपमा मास्कको प्रयोग, भौतिक दूरी कायम, जनस्वास्थ्यका मापदण्ड पालना र भिडभाड नहुने सुनिश्चितता सम्बन्धित सञ्चालक/पक्षले गर्नुपर्ने । उल्लेखित जनस्वास्थ्यका मापदण्डहरू पालना नभएको पाइएमा अनुगमन समितिको सिफारिसमा उक्त पसल तथा व्यवसाय, उद्योग तथा कलकारखाना र विकास निर्माणको कार्य निषेधाज्ञा अवधिभरको लागि बन्द गरिनेछ ।

११. सामाजिक संघ/संस्थाहरु, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजको समन्वयमा माक्स अभियान नियमित रुपमा सञ्चालन गर्ने ।

ख. जिल्लाभित्र रहेका शैक्षिक संस्थाहरूले भौतिक उपस्थितिमा पठन पाठन गर्ने, गराउने सम्बन्धमा राय सुझाव दिन मिति २०७८-०५-०९ गते बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकबाट गठित समितिले बुझाएको प्रतिवेदनका आधारमा देहायबमोजिम हुने गरी गर्ने, गराउने ।

१. नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको च.नं. १४१, मिति २०७८/०५/१३ को पत्रसाथ प्राप्त Smart Lockdown कार्ययोजना अनुरूप सम्बन्धित स्थानीय तहमा रहेको संक्रमणको अवस्था र जोखिमका आधारमा गरिएको वर्गीकरण (Hard, Mixed, Soft and Minimal Lockdown) बमोजिम सम्बन्धित स्थानीय तहभित्रका विद्यालयहरू खोल्ने आधार लिइने ।

२. समितिले सिफारिस गरे बमोजिम विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावकले पालना गर्नुपर्ने आचार संहिता र मापदण्ड प्रत्येक विद्यालयले पूर्णरूपमा पालना गर्ने, गराउने व्यवस्था मिलाउने ।

३. अभिभावकको सहभागितामा विद्यालय व्यवस्थापन समितिको बैठकले गरेको सिफारिस बमोजिम सम्बन्धित स्थानीय तहले पठन पाठन सञ्चालन गर्ने स्वीकृति दिन सक्ने र सोको जानकारी जिल्ला कोभिड व्यवस्थापन समिति, मकवानपुर र शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुरलाई दिने ।

४. तोकिएका मापदण्ड बमोजिम विद्यालयहरू सञ्चालन भए, नभएको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने । अनुगमन समितिले नियमित अनुगमन गरी मापदण्ड पालना गराउन प्रेरित गर्ने र पालना नभएको पाइएमा सम्बन्धित विद्यालयलाई जिम्मेवार तुल्याई कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश बमोजिम कारबाहीका निम्ति जिल्ला कोभिड व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

| | |
|---|---|
| इकाई प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर | -संयोजक |
| जिल्ला प्रशासन कार्यालय, मकवानपुरको प्रतिनिधि | -सदस्य |
| स्वास्थ्य कार्यालय, मकवानपुरका प्रतिनिधि | -सदस्य |
| प्याब्सन/एनप्याब्सन, मकवानपुरका प्रतिनिधि | -सदस्य |
| अभिभावक संघ, मकवानपुरका प्रतिनिधि | -सदस्य |
| बाल कल्याण समाज, मकवानपुरका प्रतिनिधि | -सदस्य |
| सम्बन्धित स्थानीय तहका शिक्षा शाखा प्रमुख | -सदस्य |

ग. मकवानपुर उद्योग वाणिज्य संघले वार्षिक साधारण सभा र निर्वाचनका सन्दर्भमा च.नं. २०, मिति २०७८-०४-२४ को पत्रमार्फत जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई अनुरोध गरेको सम्बन्धमा छलफल भयो । यस विषयमा श्री गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ६१, मिति २०७८-०४-२० को पत्रबाट "साधारणसभा/महाधिवेशन विधान बमोजिम विद्युतीय माध्यम प्रयोग गरी गर्न र भौतिक उपस्थितिमा गर्नुपर्ने अवस्था भएमा सम्बन्धित जिल्लाको DCMC को स्वीकृति लिई CCMC लाई समेत जानकारी गराई स्वास्थ्य मापदण्डको पूर्ण पालना गरी सम्पन्न गर्ने, गराउने" भन्ने व्यवस्था भएअनुसार विधानको परिधिभित्र रही साधारणसभा गर्न र स्वास्थ्य मापदण्डको अनिवार्य अवलम्बन गरी न्यूनतम संख्यामा उपस्थिति हुने सुनिश्चित गरी निर्वाचन प्रक्रिया अगाडि बढाउन दिने निर्णय गरियो ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी